शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ९ संख्या: ५० मिति: २०८३/०२/२१

भाग-१

शैल्यशिखर नगरपालिका

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि

२०७७

## शैल्यशिखर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## गोकुलेश्वर , दार्चुला ।

खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि

२०७७

शैल्यशिखर नगरपालिका क्षेत्रभित्र उपभोक्ता समिति मार्फत खानेपानी आयोजना सञ्चालन,व्यवस्थापन तथा मर्मत संम्भार गर्ने प्रयोजनका लागि स्थानीयं सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उप दफा २ को (ध) ले दिएको अधिकार प्रयोग गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्वन्धि काम कारवाहिलाई व्यवस्थित गर्न शैल्यिशिखर नगरपालिका नगर सभाको वैठकवाट यो खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि,२०७७ पारित गरिएको छ ।

## परिच्छेद-१

### (सक्षिप्त नाम,प्रारम्भ र परिभाषा)

१. संक्षिप्त नाम र प्रारम्भः-

१.यो कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि २०७७ " रहेको छ ।

२.यो कार्यविधि मिति २०७८।०४।०१ गते देखि लागु हुनेछ ।

२.परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१." ऐन"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

२. " कार्यविधि"भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनुपर्छ ।

३. " नगरपालिका"भन्नाले शैल्यशिखर नगरपालिका सम्झनुपर्छ ।

४. " वडा "भन्नाले शैल्यशिखर नगरपालिका भित्रका वडाहरु सम्झनुपर्छ ।

५. " नगरप्रमुख"भन्नाले शैल्यशिखर नगरपालिकका प्रमुखलाई सम्झनुपर्छ ।

६. " नगरउप प्रमुख"भन्नाले शैल्यशिखर नगरपालिकाका उप प्रमुखलाई सम्झनुपर्छ ।

७." प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

८. " उपभोक्ता समिति"भन्नाले यस कार्यविधि बमोजिम गठन गरिने खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनुपर्छ ।

९. " वडाध्यक्ष"भन्नाले शैल्यशिखर नगपालिकाको सम्बन्धित वडा अध्यक्षलाई सम्झनुपर्छ ।

१०. " दर्ता"भन्नाले यस कार्यविधि बमोजिम जलश्रोत (मूल) र खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता हुने प्रकृयालाई सम्झनुपर्छ ।

११. " नविकरण"भन्नाले दर्ता भई सके पछि वार्षिक रुपमा गरिने नवीकरणको प्रकृयालाई सम्झनुपर्छ ।

१२. " जलश्रोत"भन्नाले खानेपानीको स्थायी श्रोत रहेको स्थानलाई सम्झनुपर्छ । जसले पानीको मूल पनि जनाउँछ ।

CamScanner

## परिच्छेद-२

### (जलश्रोतको स्वामित्व र उपयोग व्यवस्था)

३.जलश्रोतको स्वामित्व:-

ऐन,कानुन वा अन्य सन्धि सम्झौतामा उल्लेख भएको बाहेक नेपालको सिमानाभित्र रहेको स्वामित्व नेपाल सरकारमा निहित हुनेछ ।

४.जलश्रोतको उपयोग:-

१.ऐनले स्पष्ट व्यवस्था गरेको बाहेक यस कार्यविधि वमोजिम अनुमति नलिई वा प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन । तर यस अघि देखि परम्परागत रुपमा उपयोग गरि आएको वा प्रकृया पूरा गरी दर्ता भई उपयोग गरि आएको जलश्रोतको उपयोगको सम्बन्धमा यस कार्यविधिले बाधा पार्ने छैन ।

२.उपदफा १ मा जे लेखिएको भएता पनि देहायको अवस्थामा अनुमति नलिएको कारण जलश्रोतको उपयोग गर्न बाधा पर्ने छैन ।
अ. निजि/घरेलु प्रयोजनको लागि खानेपानी उपयोग गर्न,
आ. निजि जग्गामा रहेको पानीको श्रोतबाट सिंचाई,खानेपानी तथा अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न ।
३.जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले परम्परागत रुपमा उपयोग गरि आएको जलश्रोत उपयोगमा कुनै बाधा पर्ने छैन ।

## परिच्छेद-३

### (खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन र दर्ता प्रकृया)

५.खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन:-

१.यस कार्यविधि बमोजिम सामुहिक लाभका लागि संस्थागत रुपमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्न सकिनेछ ।
२.उपभोक्ता समिति गठन गर्न चाहने उपभोक्ताहरुले खानेपानी उपभोग गर्न लाभान्वित परिवारका कम्तिमा एक जना सदस्यको उपस्थिति एंव नगरपालिका वा वडाको प्रतिनिधिको रहोवरमा भेला गर्नु पर्नेछ ।
३.उक्त भेलाले सर्वसम्मत वा बहुमतद्धारा उपभोक्ताहरु मध्येबाट १ जना अध्यक्ष सहित कम्तिमा ७ सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

CamScanner

४.उपभोक्ता समिति गठन गर्दा अध्यक्ष,कोषाध्यक्ष वा सचिवमध्ये कुनै एक पदमा महिलालाई अनिवार्य समावेश गराई कुल सदस्य संख्याको कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।
५.उपभोक्ता समिति गठन गर्दा एकाघर परिवारका एक सदस्य भन्दा बढि उक्त समितिमा रहन पाउने छैन ।
६. उपभोक्ता समितिको सदस्य पदमा निर्वाचित पदाधिकारी ,वहालवाला कर्मचारी ,शिक्षक वा लाभको पद धारण गरेका कुनै पनि व्यक्ति रहन सक्ने छैन । यसै गरी वेरुजु कायम रहेका र आर्थिक अनियमिततामा संलग्न व्यक्तिहरु समितिको सदस्यमा रहन सक्ने छैनन् ।
७.उपभोक्ता समिति सञ्चालनको छुट्टै विधान हुनुपर्नेछ ।

६.खानेपानी तथा सरसफाई उपभोक्ता समिति संगठित संस्था हुने:-

१.खानेपानी तथा सरसफाई उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।
२.सम्बन्धित उपभोक्ता समितिले आफ्नो विधान निर्माण गरि नगरपालिकाबाट स्वीकृत भएबमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।
३.खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सबै काम कारवाहिको निमित्त आफ्नो छुट्टै छापको प्रयोग हुनेछ ।
४.खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न,खरिद विक्रि गर्न वा अन्य किसिमले आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।
५.खानेपानी तथा सरसफाई उपभोक्ता समितिले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता समिति उपर समेत उजुर लाग्न सक्नेछ ।

७.खानेपानीको प्राथमिकता तोकिने:-

जलश्रोतको उपयोग गर्दा सामान्यतया देहाय वमोजिम प्राथमिकता निर्धारण गर्न पर्नेछ ।

१.खानेपानी र घरेलु उपयोग
२.सिंचाई
३.पशु तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग
४.जलविद्युत
५.घरेलु उद्योग
६.औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग
७.जल यातायात र आमोद प्रमोदजन्य उपयोग
८.अन्य

CamScanner

८.उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजात सहित दरखास्त दिनु पर्नेः-

१) दफा ५को उपदफा १ बमोजिम गठन गरिएको उपभोक्ता समितिलाई संस्थागत रुपमा गर्न चाहने उपभोक्ताहरुले ३ प्रति उपभोक्ता समितिले विधान सहित अनुसूचि १ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

२) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले पेश गर्ने विधानमा अन्य कुराहरुका अतिरिक्त कम्तिमा देहायका कुराहरु अनिवार्य उल्लेख गरेको हुनु पर्नेछ ।

१.उपभोक्ता समितिको पूरा नाम र ठेगाना

२.उद्देश्य, कार्यक्षेत्र

३. सदस्यको लागि आवश्यक योग्यदान

४. सदस्यता शुल्क

५.सदस्यको निस्कासन राजिनामा

६. हक दावि ,नामसारी ,हकवालाको मनोनयन

७.उपभोक्ता समितिको बैठक र साधारण सभा सम्वन्धि व्यवस्था

८.कार्य समितिका सदस्यहरुको निर्वाचन ,काम,कर्तव्य र अधिकार

९.कार्य समितिको वहाल र पदावधि

१०.कोष र लेखापरीक्षण व्यवस्था

११.विधान संशोधन

१२.विघटन

१३.विविध

३.खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रुपमा दर्ता गर्न चाहने उपभोक्ता समितिले निम्नानुसार कागजात संलग्न गरी पेश गरेको हुनु पर्नेछ ।

१.अनुसूचि १बमोजिम निवेदन,

२.उपभोक्ता समितिका कार्यकारी सदस्यहरुले प्रत्येक पृष्ठको तल र माथि दुवै तिर दस्तखत गरेको प्रमाणित ३ प्रति विधान,

३.समितिको सदस्यको नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपि(प्रतिलिपिमा सम्बन्धित व्यिक्तिले दस्तखत गरि प्रमाणित गरेको हुनु पर्ने),

४.उपभोक्ताहरुको आम भेलाले उपभोक्ता समिति गठन गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

५.जलश्रोत रहेको तथा उपयोग गरिने क्षेत्रको अवस्था झल्किने नक्शा,

६.नगरपालिकाले तोके बमोजिम दस्तुर वुझाएको नगदि रसिद,

७.खानेपानी श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भन्ने वडा कार्यालयको सिफारिस पत्र

CamScanner

९.खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि सिफारिस उप-समिति गठन गर्न सकिने:-

१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा खानेपानीको श्रोत विवाद रहित हुनु पर्नेछ । उपभोक्ता समिति गठन तथा खानेपानीको उपयोगका सम्बन्धमा आवश्यक अध्ययन गरि राय सुझाव सहित सिफारिस गर्न नगरपालिकाले छुट्टै उप-समिति गठन गर्न सक्नेछ ।

२) जलश्रोतको उपयोग तथा उपभोक्ता समिति गठन सम्बन्धमा आवश्यक अध्ययन गरी राय सुझाव सहित सिफारिस पेश गर्ने प्रयोजनको लागि देहाय वमोजिम उप-समिति गठन सकिनेछ ।

१.प्रमुख प्रशासकीय अधिकृत -संयोजक
२.नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख - सदस्य
३.नगरपालिकाको राजश्व शाखा प्रमुख -सदस्य
४.नगरपालिका खानेपानी तथा सरसफाई शाखा प्रमुख -सदस्य
५.प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत प्रतिनिधि -सदस्य-सचिव

१०. जलश्रोत उपयोगको लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने:

१) दफा ८ को उपदफा ३ बमोजिम आवश्यक कागजात सहित उपभोक्ता मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताको लागि कागजात पेश हुन आए पछि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले खानेपानी मूल दर्ताको निवेदन मुख्य दर्ता कितावमा दर्ता गरी सम्बन्धित सबैको जानकारीको लागी १ प्रति सम्बन्धित जलश्रोत (मूल) रहेको क्षेत्र नजिक बस्तीमा टाँस गर्ने गरी ३० दिने सार्वजिनक सूचना पठाउनु पर्नेछ । सूचनाको ढाँचा अनुसूचि २ वमोजिम हुनेछ ।

२) नगर कार्यपालिकाको कार्यालयबाट ३० दिने सूचना प्राप्त हुन आए पछि वडा सचिवले सूचना टाँसेको देखि जान्ने कम्तिमा ५ जनाको रोहवरमा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी मुचुल्का सहित नगर कार्यपालिकाको कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।तर यो कार्यविधि लागु हुनुपूर्व २० वर्ष देखि अनवरत उपभोग गरिदै आएको मूल र उपभोक्ता समितिमा कसैको पनि दावि,उजुरी हुने छैन । त्यस्ता मूलहरु स्वतः उपभोक्ता समितिकै नाममा दर्ता मानिनेछ ।

११. खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रकृया तथा श्रोत उपयोगमा उजुरी दिन सकिने:

१.यसरी सूचना टाँस भए पछि उपभोक्ता समिति गठन प्रकृया र जलश्रोत (मूल) का सम्बन्धमा कोहि कसैको कुनै गुनासो वा उजुरी भएमा सूचना टाँस अवधि अर्थात ३० दिन भित्र प्रमाण सहित नगर कार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

१२. उजुरी उपर सुनुवाई र उजुरी किनार लगाउने:

१.यसरी परेको उजुरी उपर आवश्यक छानविन गरी निरुपण गर्ने दायित्व नगरपालिकाको न्यायिक समितिको हुनेछ ।

२.न्यायीक समितिमा परेको उजुरी उपर ३० दिन भित्र छिनोफानो गरिसक्नु पर्नेछ ।

CamScanner

१३.पुनरावेदन दिन सकिने:

१.न्यायीक समितिले छिनोफानो गरेको मुद्दाको सम्बन्धमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१४.खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता:

१.रितपूर्वक निवेदन उपर आवश्यक सबै प्रकृया पूरा भएपछि नगर कार्यपालिकाको बैठकले खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्वन्धि निर्णय गर्न सक्नेछ ।

२.दफा १४ (१) बमोजिम समिति दर्ता हुन ढिलाई हुने अवस्था देखिएमा सम्वन्धित वडा कार्यालयले खानेपानी मुल रहेको वस्तिमा दावि विरोध प्रयोजनार्थ कम्तिमा ७ दिने सार्वजनिक सूचना टाँस गर्नु पर्नेछ र सो सूचना टाँस गरेको मुचुल्का सहितको सिफारिसका आधारमा दफा ९ (२) मा भएको व्यवस्था बमोजिम गठित उप- समितिले निर्णय गरी दर्ता गर्न सक्नेछ ।

३. दफा १० (१) बमोजिम ३० दिने सूचना प्रकाशन गरी देहायको अवस्थामा मुहान दर्ता गरी प्रमाण पत्र जारी गर्न वाधा पर्ने छैन ।

(क) निजि जग्गामा भएको मुहान सार्वजनिक प्रयोजनका लागि जग्गा धनीले उपलब्ध गराउने मञ्जुरी दिएको र सो को स्थलगत अनुगमनको व्यहोरा उल्लेख गरी दर्ता गर्न सिफारिस सहितको वडा अध्यक्षबाट अनुगमन प्रतिवेदन प्राप्त भएमा ।

४. दफा १४ (१)(२) बमोजिम (मूल) दर्ता सम्वन्धमा निर्णय भईसकेपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले निर्णयानुसार अनुसूचि ३ बमोजिम ढाँचामा खानेपानी तथा सरसफाँई उपभोक्ता समितिको दर्ता प्रमाण पत्रे जारी गर्नुपर्छ ।

५.दर्ता प्रमाण पत्रको आवश्यक शुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१५.खानेपानी तथा सरसफाई उपभोक्ता समितिले दर्ता नवीकरण गर्नु पर्ने:

१.दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नवीकरण गर्नु पर्नेछ ।

२. दर्ता नवीकरण गर्दा देहाय बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

क.उपभोक्ता समितिका अध्यक्ष वा सचिवको नवीकरण गरी पाउँ भन्ने प्रति निवेदन,

ख.उपभोक्ता समितिको बैठकको नवीकरण गर्ने गराउने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि १ प्रति,

ग.दर्ता प्रमाण पत्रको १ प्रति प्रतिलिपि,

घ.वार्षिक आयव्ययको सहितको लेखा परीक्षण प्रतिवेदन १प्रति,

CamScanner

ङ. सम्वन्धित वडा कार्यालयको सिफारिस

३.उपभोक्ता समितिको नविकरण दस्तुर नगरपालिकाकोले तोके वमोजिम हुनेछ ।

४.तोकिएको समय अवधि भित्र दर्ता नविकरण गर्न नआउने उपभोक्ता समितिलाई नगरपालिकाले तोके वमोजिमको विलम्व दस्तुर लिई नविकरण गर्न सक्नेछ । तर यो कार्यविधि स्वीकृत भएको ३ महिना भित्र सूचना जारी गरी सूचना जारी गरीएको अवधि भित्र आउने उपभोक्ता समितिको दर्ता नवीकरण भने विलम्व दस्तुर लाग्ने छैन ।

## परिच्छेद -४

### (सेवा,शुल्क र दण्ड जरिवाना)

१६.खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सेवा उपयोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः-

१) उपभोक्ता समितिले आफूले संचालन गरेको खानेपानी आयोजनाको नियमित मर्मत संभार र हेरचाहको लागी लाभान्वित उपभोक्ताहरुसंगको आपसी सल्लाह र सहमतिमा सेवा शुल्क निर्धारण गर्न संकलन गर्न तथा सेवा उपयोगका शर्तहरु तोक्न तथा आवश्यकता अनुसार दण्ड जरिवाना तोक्न तथा असुल उपर गर्न सक्नेछ ।

१७.नगरपालिकाले उपभोक्ता समितिसंग वार्षिक सेवा शुल्क लिन सक्ने:

१.नगरपालिकाले खानेपानी उपयोग गर्ने जनसंख्या र आम्दानिको आधारमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिसंग वार्षिक सेवा शुल्क निर्धारण गरी लिन सक्नेछ ।

२. सेवा शुल्क नगरपालिकाले तोके बमोजिक हुनेछ ।

१८. सेवा रोक्न सकिने:

१.उपभोक्ता समितिले तोके बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ताहरुलाइ उपभोक्ता समितिले र तोकिए बमोजिमको सेवा शुल्क नतिर्ने उपभोक्ता समितिलाई नगरपालिकाले प्रदान गर्दै आएको सेवा रोक्न सक्नेछ ।

२. यसरी रोक्का गरिएकोमा सम्वन्धित उपभोक्ता वा उपभोक्ता समितिले तोकिए बमोजिमको सेवा शुल्क तिरे पछि सेवा पुनःसुचारु गर्न सकिनेछ ।

CS CamScanner

## परिच्छेद- ५

### (खानेपानी संरचना निर्माण र आवश्यक प्रकृया)

१९. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी तथा सरसफाई सम्बन्धी संरचना गर्न सक्नेः

खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी तथा सरसफाईसंग सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्न सक्नेछ । यसरी निर्माण गर्दा त्यस अघि निर्माण भई सकेका वा निमाणाधिन अवस्थामा रहेका भौतिक पूर्वाधार निर्माणलाई कुनै असर पुर्‍याउन पाईने छैन ।

२०.अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः

१. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आयोजना सञ्चालनको लागि आवश्यक परेमा सम्बन्धित घर तथा जग्गा धनिको अनुमति वा सहमति लिई प्रवेश गर्न पाउने छ ।

२.कसैको घर जग्गा उपयोग गर्नु पर्ने भएमा उपभोक्ता समितिले सम्बन्धित व्यक्तिलाई उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

३.उपभोक्ता समितिले आवश्यक पर्ने कार्यको लागि उपलब्ध गराउने क्षतिपूर्ति नगरपालिकाले व्यहोर्न वाध्य हुने छैन ।

२१.खानेपानीसंग सम्बन्धित संरचनाहरुको मर्मत तथा सुरक्षाः

१.उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसंग सम्बन्धित भौतिक संरचनाहरुको नियमित मर्मत संहार तथा सुरक्षा गर्ने जिम्मेवारी उपभोक्ता समिति र उपभोक्ताहरुको हुनेछ ।

२. उपभोक्ता समिति मार्फत निर्माण गरिएका खानेपानी तथा सरसफाईसंग सम्बन्धित भौतिक संरचनाहरुको सुरक्षा गर्ने दायित्व सम्बन्धित नगरपालिकाको समेत हुनेछ ।

CamScanner

## परिच्छेद-६

### (विविध)

२२. खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानीको गुणस्तरीयता कायम गर्नु पर्ने:

मानव जीवनको लागि अति आवश्यक पर्ने र आम उपभोक्ताको स्वास्थ्य संग प्रत्यक्ष सरोकार राख्ने खानेपानीको गुणस्तरीयताको सवालमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति अत्यन्त सजग हुनु पर्नेछ । समय समयमा खानेपानीको गुणस्तरयीताको जाँच तथा गुणस्तरीयता कायम गर्नु सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

२३. खानेपानी श्रोतमा प्रदुषित गर्न नहुने:

खानेपानीको श्रोत तथा वरपरको क्षेत्रमा प्रदुषित गर्न पाईने छैन । यसरी प्रदुषित गरे गराएमा प्रदुषित गर्ने गराउनेलाई नगरपालिकाले नियमानुसार कारवाहि गर्नेछ ।

२४.खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता पर्माण पत्रको स्वामित्वमा तथा हक हस्तान्तरण तथा विक्रि वितरण नहुने:

१.यस कार्यविधि बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ता प्रमाण पत्र सम्बन्धित उपभोक्ता समिति बाहेक अन्यन्त्र स्वामित्व तथा हक हस्तारत्रण र विक्रि वितरण गर्न पाईने छैन ।

२५. उपभोक्ता समितिको कार्यक्षेत्र विस्तार हुन सक्ने:

१. दर्ता भएको उपभोक्ता समितिले आवश्यकता अनुसार विधानमा उल्लेख भए बमोजिम आफ्नो कार्य क्षेत्र विस्तार गर्न सक्नेछ ।

२. उपभोक्ता समितिले आफ्नो कार्यक्षेत्र विस्तार गर्न नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

३. दर्ता भएको उपभोक्ता समितिले कार्यक्षेत्र गर्न देहाय बमोजिम आवश्यक कागजात पेश गरी रितपूर्वक नगरपालिकामा निवेदन दिनुपर्दछ ।

क. कार्यक्षेत्र विस्तार गर्नु पर्नाका कारण र औतित्य सहित साधारण सभाले पारित गरेको निर्णय,

ख. उपभोक्ता समितिको बैठकको निर्णय,

CS CamScanner

ग.उपभोक्ता समितिको दर्ता प्रमाण पत्रको प्रतिलिपी,

घ. उपभोक्ता समितिको स्वीकृत विधान १ प्रति

ङ. नियमानुसार शुल्क तिरेको नगदी रसिद,

४. रितपूर्वक कार्यक्षेत्र विस्तारको लागि नगरपालिकामा निवेदन पेश हुन आए पछि विस्तार गरिने कार्यक्षेत्र र कायम गरिने जलश्रोत (मूल) समेतको विवरण उल्लेख गरि विस्तार गर्न लागिएको सम्बन्धित कार्यक्षेत्र र वडा कार्यालयमा १/१ प्रति ३० दिने सूचना टाँस गर्न पत्र सहित पठाउनु पर्नेछ । वडा कार्यालयबाट सूचना टाँस गरेको सार्वजनिक मुचुल्का सहितको जानकारी नगरपालिकामा पठाउनु पर्नेछ ।

५.यसरी सूचना टाँसको जानकारी प्राप्त भए पश्चात कुनै उजुरी पर्न नआएमा विस्तारित जलश्रोत क्षेत्र र कार्यक्षेत्र समेत कायम गरि नगरपालिकाबाट निर्णय गर्न सकिनेछ ।नगरपालिकाले आवश्यकता महसुस गरेमा उप समितिको सिफारिस समेत माग गर्न सक्नेछ ।

६.कुनै उजुरी पर्न आएमा सो उजुरी उपर नगरपालिकाको न्यायीक समितिमा छलफल हुँदा उजुर गर्ने पक्षले उजुरी फिर्ता गरेमा वा मिलापत्र गरेमा खानेपानी उपभोक्ता समिति दर्ता गर्न बाधा पर्ने छैन ।

२६.<u>जिल्ला जलश्रोत समितिबाट दर्ता भई सकेका खानेपानी तथा सरसफाई उपभोक्ता समित दर्ता नवीकरण गर्नुपर्नेः-</u>

१. यो कार्यविधि स्वीकृत भए पश्चात एक पटकका लागि नगरपालिकाले जिल्ला जलश्रोत समितिको सचिवालयबाट यस अघि दर्ता भई कार्यान्वयन रहेका आफ्नो नगरपालिका क्षेत्र भित्रका सबै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई नवीकरणको लागी आवेदन दिनका लागि १ महिने सूचना जारी गर्नु पर्नेछ ।

२.सूचना जारी भए पश्चात यस अघि दर्ता भई कार्यान्वयनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले सम्बन्धित नगरपालिकामा दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित नवीकणको आवेदन दिनु पर्नेछ ।

२७. <u>खारेजीः</u>

१. संघीय एंव प्रदेश कनुनले अन्यथा व्यवस्था गरेमा यो कार्यविधि स्वतःखारेज भएको मानिनेछ ।

२. यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु नेपालको प्रचलित कानुनसंग बाझीन गएमा बाझिएको हदसम्म स्वतःनिस्कृय हुनेछ ।

CamScanner

अनुसूचि-१
(दफा (८) को उपदफा (१) बमोजिम)
(उपभोक्ता समितिको  तर्फबाट पेश गर्ने निवेदनको ढांचा)

श्रीमान कार्यालय प्रमुख ज्यू
शैल्यशिखर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गोकुलेश्वर,दार्चुला ।

महोदय,

हामीले ..............................................खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी संस्थागत रुपमा दर्ता गर्न चाहेकोले शैल्यशिखर नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता समिति दर्ताको लागि अनुरोध छ ।

विवरण:
१.उपभोक्ता समितिको नामः
२. कार्य क्षेत्र:
३. कार्य उद्देश्यः
४. कार्य समितिका तदर्थ सदस्यहरु

| क.स. | पदाधिकारहरुको नाम,थर | ठेगाना | पद | पेशा | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

CamScanner

५.<u>उपयोग गरिने जलश्रोतको विवरण:</u>

क. जलश्रोत (मूल) रहेको ठाउको नाम र श्रोतको नामः
ख. जलश्रोत रहेको श्रोतको किसिमः
ग. जलश्रोतवाट गरिने प्रयोगः
घ. जलश्रोतको उपयोग गर्न चाहेको परिमाण खुलाउनेः
ङ. जलश्रोतको हाल प्रयोगको अवस्थाः

६.<u>उपभोक्ता समितिले पुग्राउन चाहेको सेवा सम्बन्धि विवरणः</u>

क. सेवाको किसिमः
ख. सेवा पुग्राउने क्षेत्रः
ग. सेवावाट लाभान्वित हुने घर परिवार सख्याः
घ. भविष्यमा सेवा विस्तार गर्न सकिने वा नसकिनेः

७. आर्थिक श्रोतको विवरणः

८. कार्यालय रहने ठेगानाः

९. <u>संलग्न कागजातः</u>

क. उपभोक्ता समितिको विधान
ख. उपभोक्ता समितिको पदाधिकारीहरुको नागरीकताको प्रतिलिपी
ग. आम भेलावाट उपभोक्ता समिति गठन सम्बन्धी निर्णयको प्रतिलिपि
घ. जलश्रोत (मूल) रहेको तथा उपयोग गरीने क्षेत्रको अवस्था झल्किने नक्सा
ङ. नगरपालिका दर्ता वापत दस्तुर बुझाएको नगदी रसिद
च. खानेपानी श्रोत तथा उपभोक्ता समिति गठनमा कुनै विवाद छैन भनि वडा कार्यालयले गरेको सिफारिस

<u>निवेदकः</u>
दस्तखतः
नामः
पदः
ठेगानाः
सम्पर्क नं.
मितिः

CamScanner

अनुसूचि -२
(दफा (१०) को उपदफा (१) बमोजि)
नगरपालिकाको खानेपानी उपभोक्ता दर्ता सम्बन्धी ३० दिने सार्वजनिक सूचना

शैल्यशिखर नगरपालिका अन्तर्गत वडा नं. ...... मा रहेको ............................................. श्रोतको पानी.....................................बाट श्रोत उपयोग गर्ने गरी शैल्यशिखर नगरपालिका वडा नं..............को .....................गाँउ/वस्तीहरुमा शुद्ध पिउने पानी आपूर्तिका लागी आयोजना संचालन तथा व्यवस्थापन गर्न श्री..................................को अध्यक्षतामा उपभोक्ता समिति संस्थागत रुपमा दर्ता गर्न भनी आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश हुन आएको छ । यस सम्वन्धमा उपभोक्ता समिति गठन तथा जलश्रोतको उपयोगका सम्वन्धमा कोहि कसैको उजुरी तथा गुनासो छ भने प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भत्र शैल्यशिखर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो ३० दिने सार्वजनिक सूचना जारी गरिएको छ । सूचना अवधि भर कारण सहित निवेदन पेश हुन नआएमा सम्बन्धित उपभोक्ता समिति दर्ता हुने र यस विषयमा पछि सुनुवाई नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूचि -३

(खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरी उपलब्ध गराईने प्रमाण पत्रको ढंचा)

# शैल्यशिखर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# गोकुलेश्वर,दार्चुला ।

खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण –पत्र

दर्ता नः-..............................

दर्ता मितिः-..............................

श्री .......................................................................खानेपानी तथा सरसफाई उपभोक्ता समिति, शैल्यशिखर नगरपालिका वडा नं. .....

...........................................दार्चुला ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उप दफा २ को (ध) बमोजिम यस नगरपालिकाबाट स्वीकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि,२०७७ बमोजिम शैल्यशिखर नगरपालिकाको मिति ........................................को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार वि.स. ......................साल.........महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो पर्माण पत्र प्रदान गरिएको छ। विधान बमोजिम कार्यहरु संचालन गर्नु होला ।

(जलश्रोत नाम ...............................................................................................)

दर्ता प्रमाण पत्र जारी गर्ने अधिकारीको

दस्तखत.........................................

नाम................................................

पद..........................................................

मिति........................................................

CamScanner

(अनुसूचि -४खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता नविकरण पत्रको ढांचा)

# शैल्यशिखर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## गोकुलेश्वर,दार्चुला ।

खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नामः

ठेगानाः

प्रमाण पत्र दर्ता नः

प्रमाण पत्र दर्ता मितिः

| दर्ता नं. | नविकरणको विवरण | नविकरण मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः-

१.जुन आ.व.मा नविकरण गरिएको हो सोहि आ.व.को आषाढ मसान्त सम्म मात्र वहाल रहने अवधि कायम हुनेछ ।

२. नविकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरिक्नु पर्नेछ ।

३. आ.व.समाप्त भएको ६ महिना भित्र नविकरण नगरेमा नियमानुसार विल्मब दस्तुर लाग्नेछ ।

CS CamScanner